# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड १ मण्डनदेउपुर, फागुन १६ गते, २०७४ साल संख्या २०


## भाग २

### मण्डनदेउपुर नगरपालिका

# उद्योग व्यवसाय दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधि, २०७४

*नगरसभाबाट स्वीकृत मितिः २०७४/१०/११*
*प्रमाणित मितिः २०७४/१०/१५*

**प्रस्तावनाः**

नेपालको संविधानको भाग ४, धारा ५१ अन्तर्गत उल्लेखित अर्थतन्त्रमा निजी, सहकारी र सरकारी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्धसाधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न साथै हासिल गरिएको सम्वृद्धिमा

बहुसंख्यक जनताको पहुँच स्थापना गर्ने मार्गनिर्देश गर्ने, उद्योग व्यवसाय प्रबर्द्धन, विस्तार साथै गुणस्तरीय एवं विश्वसनीय सेवा तथा उत्पादन प्रबर्द्धनको उदेश्य राखी मण्डन देउपुर नगरपालिकाको नगर कार्यपालिकाबाट पारित यस कार्यबिधिले व्यवसाय दर्ता, नविकरण, संचालन र नियमनका लागि नगरपालिकाका आगामी कार्यलाई निर्देशित गर्ने छ ।

## १. संक्षिप्त नाम र परिचय

क. यस कार्यविधिको नाम मण्डन देउपुर उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन कार्यविधि, २०७४ रहनेछ ।

## २. परिभाषाः

क) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको मण्डन देउपुर नगरपालिकालाई जनाउँदछ ।

ख) "नगर कार्यपालिका" भन्नाले यस मण्डन देउपुर नगरपालिकाको कार्यपालिकालाई जनाउँदछ ।

ग) "नगर सभा" भन्नले यस मण्डन देउपुर नगरपालिकाको नगर सभा सभा लाई जनाउँदछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

ङ) "घरेलु शाखा" भन्नाले यस नगरपालिकामा रहेको उद्योग सम्बन्धी कार्य हेर्ने शाखालाई वा इकाईलाई जनाउँदछ ।

## ३. उद्योग तथा व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

उद्योग, व्यापार, सेवा र पेशा जन्य क्रियाकलापहरु यस मण्डनदेउपुर नगरपालिका भित्र संचालन गर्नको लागि यस कार्यविधिले निर्देश गरेबमोजिम दर्ता गरि मात्र संचालन गर्न

पाइने छ । दर्ता गर्नको लागि यस कार्यविधिले अनुसूचीमा तोके बमोजिमको निवेदन पेश गर्नुपर्नेछ । पेश गरिएको निबेदनको आवश्यक कारवाही गरि नगरपालिकाले व्यवसायी लाई अनुसूची मा व्यवस्था गरिए बमोजिमको व्यवसाय दर्ताको प्रमाण पत्र प्रदान गर्नेछ । नगरपालिकामा ब्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायवाट प्रचलित संघिय तथा प्रदेश कानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्वन्धित निकायवाट अनुमति लिनु पर्ने दायित्व व्यवसायी स्वयंको नै हुनेछ।व्यवसाय संचालित स्थानमा अनुसूची बमोजिमको सूचनापाटि अनिवार्य रुपमा टास गरिएको हुनु पर्नेछ । नगरपालिकाले व्यवसाय दर्ता र कर प्रयोजनका लागि दर्ता किताब र कर विवरण किताब वा कम्प्युटर सफ्टवेयर व्यवस्थित गर्नेछ ।

## ४. नविकरण सम्बन्धी व्यवस्था

आवधिकरुपमा (आर्थिक अन्त्य भएको ३५ दिन भित्र) आवश्यक प्रक्रिया पुरा गरि नगरपालिकाको कार्यालयबाट आफ्नो उद्योग/व्यवसाय नविकरण गरिसक्नु पर्नेछ| अन्यथा मासिक हर्जना लाग्ने वा संबन्धित निकायले कार्यपालिकामा आवश्यक कारवाहीको सिफारीस गरि सो अनुसार गर्न सक्ने छ । साथै साझेदारी थपघट, स्थान परिवर्तन वा अवस्था परिवर्तन को कार्य गर्नु परेमा समेत नविकरण प्रक्रिया मार्फत सहजीकरण गरिने छ ।

## ५. उद्योग तथा व्यवसाय कर

यो कार्यविधिले निम्नबमोजिम उद्योग/व्यवसायको बर्गिकरण गरि नगरपालिका को कार्यालयमा उद्योग व्यवसाय दर्ता गर्ने, गराउने साथै वर्गीकृत व्यवसायको स्तरीकरण गरि बार्षिकरुपमा कर संकलन गर्न मार्गनिर्देश गर्नेछ ।

***प्राकृतिक श्रोत उत्खनन गर्ने, प्रयोग गरि बस्तु र सेवा प्रवाह गर्ने उद्योग :*** इटा भट्टा, बालुवा प्रशोधन, क्रसर, ह्युम पाइप, ब्लक रिंग कंगक्रीट, स मिल, फर्निचर, खानी, ग्रिल उद्योग

***सेवा प्रवाह व्यवसाय वर्गीकरणः***(आवाशीय होटल, रेस्टुरेन्ट, खान होटल, चिया पसल, पर्यटन प्रबर्धन गर्ने व्यवसाय, सुन्दरता जन्य व्यवसाय, निर्माण सामग्री बिक्रि वितरण गर्ने,

***दैनिक उपभोग्य बस्तुको उत्पादन र बिक्रिः*** कुटानी पिसानी मिल, किराना पसल, तरकारी पसल, पेय पदार्थ उत्पादन र बिक्रि, दुग्ध जन्य उत्पादन र बिक्रि, कपडा पसल, टेलर,

***मेसिनरि सामान निर्माण, मर्मत र बिक्रि वितरणः*** ग्यारेज,

***रासायनिक वस्तुको विक्री र उत्पादनः*** पसल

***मानव तथा जैविक स्वस्थः*** फार्मेसी, कृषि तथा पशु स्वास्थ्य उद्योग, अस्पताल, क्लिनिक

***ज्ञान र शिप सिकाउनेः*** तालिम केन्द्र, निजि विद्यालय, ट्युशन केन्द्र

**इन्धन प्रशोधन, तथा विक्री वितरणः**

**सिलाई कटाई शैलुन**

## ६. प्रोत्साहन र सहजीकरण सम्बन्धी व्यवस्था

कृषि जन्य उद्योग व्यवसाय संचालन गर्ने स्थानीय लाई अनुदान प्रदान गरिनेछ । स्थानीय जनतालाई रोजगारी प्रदान गर्ने साथै सथानीय उत्पादनलाई बजार प्रदान गर्ने उद्योग/व्यवसाय स्थापना गर्न भौतिक पूर्वाधार निर्माण गर्न सहुलियत प्रदान गर्ने नीति अवलम्बन गरिनेछ । लक्षित वर्ग (महिला, सीमान्तकृत, उत्पीडित, बिपन्न, साथै युवा) उद्यमशीलता प्रवर्द्धनको लागि तालिम र अनुदानको व्यवस्था गरिनेछ । यस्ता अनुदान तथा सहुलियत बार्षिक नीति तथा कार्यक्रम मा समेटी आवश्यक बजेट विनियोजन गरिनेछ |

## ७. श्रमिक सम्बन्धी व्यवस्था

यस नगरपालिका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण उद्योग/व्यवसायले नेपालको प्रचलित श्रम ऐन तथा श्रम संग संबन्धित प्रचलित नियम कानूनको पूर्ण पालना गर्नुपर्नेछ | अन्यथा हुन गएको उजुरी वा जानकारी आएमा आवश्यक कारवाही गरिनेछ |

## ८. वातावरण तथा भौगोलिक प्रभाव

खानी उत्खनन, रासायनिक पदार्थ उत्पादन, तथा प्राकृतिक श्रोत साधन प्रयोग गरि संचालन गरिने निम्न प्रकारका उद्योग संचालन पूर्व अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्याङ्कन गरि विज्ञको सिफारिस बमोजिम मात्र अनुमति दिने वा नदिने अधिकार नगरपालिकाल सँग निहित रहनेछ | साथै नगरपालिका भित्र संचालित सम्पूर्ण उद्योग व्यवसाय ले आफुले उत्पादन गरेको फोहोर, प्रदुषण व्यवस्थापन गर्न जिम्मेवारी लिनु पर्नेछ |

## ९. उद्योग तथा व्यवसायको सामाजिक उत्तरदायित्त्व

नेपालको प्रचलित कानून बमोजिम अथवा यस कार्यविधिले तोके बमोजिम यस नगर भित्र संचालित सम्पूर्ण उद्योग व्यवसायले आफ्नो नाफाको ५ प्रतिशत रकम व्यवसायको सामाजिक उत्तरदायित्त्व शीर्षकमा छुट्याई नगरपालिकाको सञ्चित कोषमा दाखिला गरि आवश्यक प्रक्रिया मार्फत नगरपालिका भित्र सामाजिक सेवामा अनिवार्य रुपमा खर्च गर्नु पर्ने छ ।

## १०. मूल्य निर्धारण र सेवा तथा उत्पादनको गुणस्तरको मापदण्ड

काला बजारी, गुणस्तरहिन सेवा वा वस्तु तथा म्याद गुज्रिएका वस्तुको बिक्रि वितरण, अधिक मूल्यमा कारोवार तथा आफूखुशी मूल्य वृद्धि लाई दण्डनीय ठहर गरिनेछ । गुणस्तर र मूल्य निर्धारणको लागि संघ र प्रदेश तहका प्राबिधिक र संस्थागत जिम्मेवार निकायको नीति तथा मापदण्डलाई समेत श्रोतको रुपमा प्रयोग गरिने वा त्यसलाई अवलम्बन गरिनेछ । उद्योग व्यवसाय संग संबन्धित मूल्य निर्धारण, गुणस्तर परीक्षण प्रयोजनका लागि अनुसूचीमा व्यस्था गरिएको संयन्त्रले कार्य सहजीकरण गर्ने छ ।

## ११. अनुगमन र मूल्यांकन

व्यवसायको प्रकृति हेरी आवधिक अनुगमन र मूल्यांकन गर्ने त्यस को प्रतिवेदन नगर कार्यपालिकामा पेश गरि आवश्यकता बमोजिम नियमन/प्रोत्साहन गर्ने नीति अवलम्बन गरिएको छ । अनुगमन तथा मूल्यांकन गर्न विज्ञ, उपभोक्ता प्रतिनिधि, जनप्रतिनिधि, उद्योगी, सुरक्षा निकाय सम्मिलित समिति निर्माण गरिने छ ।

## १२. खारेजी तथा कारवाही सम्बन्धी व्यवस्था

तोकिएको मापदण्ड पुरा नगर्ने तथा कानूनी र वित्तीय अनुशासन उल्लघंन गर्ने व्यवसायलाई व्यवसायको प्रकृति हेरी २४ घण्टा देखि ६ महिना सम्मको सुधार गर्ने म्याद दिईने छ | सुधारका लागि तोकिएको समयमा समेत आवश्यक सुधार नगर्ने उद्योग व्यवसाय को दर्ता खारेजी समेत गरि आवश्यक कारवाही गरिनेछ |

## १३. बाधा अड्काउ फुकाउ

यो कार्यविधिमा उल्लेख नभएको बिषयमा कुनै नीतिगत, व्यवहारिक वा कार्यसम्पादन सम्बन्धी समस्या आइ परेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाई कार्य सम्पादन गर्न सहजीकरण गर्न सक्ने छ |

## अनुसूची १ः उद्योग व्यवसाय दर्ता, नविकरण निवेदन फाराम

श्री मण्डनदेउपुर नगरपालिका

.................................... कार्यालय

**विषयः व्यवसाय दर्ता, नविकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ ।**

मैले । हामी ले निम्न स्थानमा ................................................ व्यवसाय दर्ता,नविकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौ । मण्डनदेउपुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै मण्डन देउपुर नगरपालिका बाट समय समयमा दिइने आदेश,निर्देशन समेत पालन गर्न मञ्जुरछु, छौ। साथै मैले,हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मन्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थरः ...............................................

(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगाना : ............................. जिल्ला ............. गा.पा./न.पा. .............वडा नं. ........ मार्ग................ घर नं. ......................

३. बाबुको नाम, थर : ..................................................................

४. व्यवसाय रहेन स्थानको ठेगाना : वडा नं. ........ मार्ग ........... घर नं. ....... व्यवसाय कम्प्लेक्स भए पसल/संकेत नं.....................पोष्ट बक्स नं. : ......................... वेभसाइट .................................

५. सम्पर्क फोन नं. : ......................फ्याक्स ...................इमेल ..................

६. भाडामा रहेको भए व्यवसाय रहने घर । जग्गा को घरधनीको नाम, थर : ......

७. ठेगाना : .................. वडा नं. ............ घर नं. .............. मार्ग ......

८. व्यवसायको विवरण /प्रकृति : ..............................................

९. पूँजीगत लगानी रु.मा ........................

१०. फर्म/कम्पनीको नाम : ..................................................................

११. परिचय पाटीको साइज : (लम्वाई .............. चौडाई ............ वर्गफिट ....

१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. .................................... /कार्यालयः ....

१३. संलग्न गर्नूपर्ने कागजातहरुः आफनै घर जग्गा भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि–१, भाडामा बस्ने भए भाडा र कम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र–१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि–१ विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात–१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति । फर्म कम्पनी भएमा दर्ता । इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

मिति : ........................

निवेदकको दस्तखत

## कार्यालय प्रयोजनका लागि मात्रः–

निवेदन दस्तुर : ............................ दर्ता दस्तुर .......................व्यवसायकर ........... परिचय पाटी दस्तुर ..................... जरिवाना ................... जम्मा ........................... व्यवसाय प्रमाण पत्र नं. : .............

मिति : .........................

| | | |
|---|---|---|
| ..................... | ..................... | ..................... |
| पेश गर्ने | ठीक छ भनी प्रमाणित गर्ने | स्वीकृत गर्ने |

## अनुसूची २ः मण्डन देउपुर नगरपालिकाको उद्योग/व्यवसाय दर्ता प्रमाण–पत्र

### मण्डन देउपुर नगरपालिका

### उद्योग/व्यवसाय दर्ता प्रमाण–पत्र

करदाता नं..........................

दर्ता मिति :

प्रमाणपत्र नं.:

जिल्ला..................................गाउँपालिका/नगरपालिका...................................

वडा नं. ......... बस्ने श्री ......................................................................... लाई मण्डन देउपुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै मण्डन देउपुर नगरपालिका बाट समय समयमा दिइने आदेश,निर्देशन समेत पालन गर्न मञ्जुर भएको निवेदनको आधारमा व्यवसाय दर्ता गरी यो प्रमाण–पत्र जारी गरिएको छ ।

व्यवसायको नाम : .........................................................................................

व्यवसाय रहने स्थान : मण्डन देउपुर नगरपालिका वडा नं. ............... बाटोको नाम ............ ............. घर नं. ............... टोल ...............................व्यवसाय रहने घर/जग्गाधनीको नाम :....................:..............................व्यवसायको प्रकृति :...............................विवरण .....................................................

पूँजीगत लगानी

लगानी (रु मा) : ..........................................................................

करदाताको हस्ताक्षरः .....................

स्वीकृत गर्नेको हस्ताक्षरः ....................

१) प्रत्येक आर्थिक वर्षको लागि नगरपालिकाको वार्षिक कर सम्बन्धित कार्यालयमा गई उक्त आ.व.को ३५ दिन भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ।

नगरपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नविकरणगर्न सकिनेछ ।

२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा मण्डन देउपुर नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।

३) व्यवसाय बन्द गर्नु परेमा करदाताले मण्डनदेउपुर नगरपालिकाको सम्बन्धित कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ र को कर्मचारीहरुले हेर्न चाहेकोबखतमा तुरुन्त देखाउनुपर्दछ ।

५) कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाईएमा प्रचलित कानूनबमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६) व्यवसायबाट उत्पादन हुने फोहर मैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।

७) व्यवसाय सञ्चालनको सिलसिलामा नगरपालिकाबाट समय समयमा दिने निर्देशानको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा ले जुनसकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेतगर्न सक्नेछ ।

९) यो प्रमाणपत्र दर्ता, नविकरण, सन्चालन र नियमन प्रयोजनको लागि जारी गरिएको हो । प्रचलित उद्योग ऐन बमोजिम अनुमति लिएर मात्रसञ्चालन गर्नुपर्ने कुनै उद्योग/पेशा वा व्यवासयले प्रचालित कानून बमोजिम दर्ता गरिमात्र त्यस्तो कार्य सञ्चालन गर्नु पर्नेछ ।

## अनुसूची ३ः उद्योग व्यवसाय कर दर्ता किताब

| दर्ता नं. | नाम | ठेगाना | प्रोपाइटर | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले
भीमकान्त शर्मा
प्रमुख प्रशासकिय अधिकृत